

# हलेसी तुवाचुङ नगरपालिका

## आ.व. २०७९/८० बार्षिक प्रगती प्रतिवेदन

| विषय | विवरण |
| --- | --- |
| परिचय | नेपालको पूर्वीय पहाडी जिल्ला खोटाङको पश्चिमी भेग मा अवस्थित छ । यस नगरपालिका हलेसी महादेवस्थान घुम्न र दर्शन गर्न आउने अन्तरिक र बह्य पर्यटनका लागि परिचित स्थान हो । २८०.१७ वर्ग कि.मि क्षेत्रफल रहेको यस नगरपालिकाको जनसंख्या यस पार्श्वचित्र सर्वेक्षण अनुसार ३२,४४६ रहेको छ । |
| भौगोलिक अवस्थिती | |
| अक्षांश | २७.०८८८° देखि २७.२४७५° |
| देशान्तर | ८६.४२७६° देखि ८६.७५०८° |
| एलिभेसन | ३०० मिटर देखि १८३५ मिटरसम्म |
| क्षेत्रफल | २८०.१७ वर्ग कि.मि. |
| सिमाना | यस नगरपालिकाको पश्चिममा दुधकोशी नदिले ओखलढुंगा जिल्लालाई छुटयाएको छ भने दक्षिणमा सुनकोशी नदिले उदयपुर जिल्लालाई छुटयाएको छ त्यसैगरी दक्षिण पुर्वि भेगमा दिपुरङ गाउंपालिका र पुर्वि भागमा रुपाकोट मुझुवागडी नगरपालिका पर्दछ भने उत्तरी भेगमा लामीडांडा गाउंपालिका पर्दछ । |
| जलवायु | हलेसी तुवाचुङ नगरपालिकाको हावापानी उष्ण मनसुनी तथा न्यानो शीतोष्ण गरि दुई प्रकारका हावापानी भएको क्षेत्र हो । असार महिना मा सबभन्दा गर्मि हुने गर्दछ भने पौष महिना सबभन्दा ठण्डा महिना हो । उचाई अनुसार यहाँ को हावापानी र तापक्रम फरक पर्दछ । यस नगरपालिकाको सरदर उच्चतम तापक्रम गर्मी याममा ३५ डिग्री से. सम्म हुन्छ भने शीतकालमा न्युनतम तापक्रम ८ डिग्री से.सम्म ओर्लिन्छ |
| घरधुरीको संख्या | ५,६०८ |
| जनसंख्या | ३२,४४६ |
| मुख्य पेशा | कृषि तथा पशुपालन |
| विद्यालयको संख्या | ९२ (८७ सामुदायिक, ५ निजी ) |
| साक्षरता प्रतिशत | ८३.३७ प्रतिशत |
| मूख्य धार्मिक सम्प्रदाय | हिन्दु, किराँत, इसाई |
| मूख्य भाषा | नेपाली, चामलिङ (राई) |
| मूख्य समुदाय | राई, क्षेत्री, मगर |
| प्रमुख खाद्यान्न बाली | धान, मकै, गहु |
| प्रमुख नगदेबाली | अदुवा, खुर्सानी |
| फलफुल | सुन्तला, आप, कटहर |


# नगरपालिकाकको संक्षिप्त परिचय:

## ऐतिहासिक पृष्ठभूमि र नामाकरण

हलेसी तुवाचुङ नगरपालिकाको नामकरण नेपालकै प्रसिद्ध हिन्दु, किराँत एवं बौद्ध तीर्थस्थल "हलेसी महादेवस्थल" र किराँत संस्कृति को उद्गम स्थल अथवा आदिभुमि को रुपमा परिचित "तुवाचुङ जयजुम डाँडा" को नाम बाट गरिएको हो । हलेसी महादेवलाई हिन्दु धर्मावलम्बीले पूर्वको पशुपति, बौद्धमार्गीले दोस्रो लुम्बिनी र किराँत धर्मावलम्बीलेले आदिम भूमि ठान्छन् ।

# भौगोलिक अवस्थिति (सीमाना) र क्षेत्रफल :

प्रदेश नं. १ को खोटाङ जिल्लामा अवस्थित यस हलेसी तुवाचुङ नगरपालिका विश्व मानचित्रमा २७.०८८८° देखि २७.२४७५° उत्तरी अक्षांश र ८६.४२७६° देखि ८६.७५०८° पूर्वी देशान्तर को बिचमा पर्दछ । नगरपालिका को कुल क्षेत्रफल २८०.१७ वर्ग कि.मि. रहेको छ र समुन्द्र सतह देखि ३०० मिटर देखि १८३५ मिटर सम्म अवस्थित छ । नेपालको कुल भूभाग को ०.१९ प्रतिशत र खोटाङ जिल्ला को १७.५९ प्रतिशत भूभाग यस नगरपालिकाले ओगटेको छ । यस नगरपालिकाको पश्चिममा दुधकोशी नदिले ओखलढुंगा जिल्लालाई छुटयाएको छ भने दक्षिणमा सुनकोशी नदिले उदयपुर जिल्लालाई छुट्याएको छ त्यसैगरी दक्षिण पुर्वि भेगमा दिपुरङ गाउंपालिका र पुर्वि भागमा रुपाकोट मुझुवागडी नगरपालिका पर्दछ भने उत्तरी भेगमा लामीडाँडा गाउंपालिका पर्दछ ।


Adminstrative Boundary
Siddhicharan
Chisankhugadhi
Lamidanda
Manebhanjyang
Halesi Tuwachung Municipality
1 Bahunidanda
2 Dikuwa
3 Chyasmitar
4 Badahare
5 Durcheem
6 Mangaltar
7 Mahadevsthan
8 Dhitung
9 Saile
10 Aarkhaule
11 Rajapani
Sunkoshi
Diprung
Tapli
Katari
Nepal
Legend
Khotang District
Halesi Tuwachung
Legend
Municipality Boundary
Ward
0 1.75 3.5 7 Kilometers
Coordinate System: Nepal MUTM Central 84 Everest 1830
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000.0000
False Northing: 0.0000
Central Meridian: 84.0000
Scale Factor: 0.9999
Latitude Of Origin: 0.0000
Units: Meter

# शाखागत उद्देश्य vs उपलब्धी






# शाखा: महिला तथा बालबालिका शाखा

| क्र स | कार्यक्रम तथा योजनाहरु | उदेश्य | सहभागीहरु | उपलब्धीहरु |
|---|---|---|---|---|
| १ | सहकारी तालिम | सरकारीहरुलाई कोपोमिस सम्बन्धी ज्ञान प्रदान गर्नु । | सहकारीका पदअधिकारीहरु २५ जना | कोपोमिसमा डाटा अपडेट गर्ने सक्ने क्षमताको विकास |
| २ | महिला सँग समृदि कार्यक्रम | महिलाहरुको जिबिको पार्जनमा टेवा पुयाउने | २७ जनालाई ५० वटा बाख्रा वितरण | महिलाहरुको जिविकोपार्जनमा टेवा |
| ३ | आमा समुहलाई बिउँपुजी घुम्तिकोष संचालन | महिला सामुदायिक सस्थाहरुको सस्थागत विकासमा टेवा पुयाउने कर्जा परिचालन क्षमतामा अभिबृदि गर्ने । | नगरपालिका भित्र संचालित १७ ओटा आमा समुह | आमा समुहको कर्जा परिचालन क्षमतामा अभिबृदि भएको । |
| ४ | एकल महिला तथा विपन्न महिलालाई जिविको पार्जन कार्यक्रम | एकल महिला तथा विपन्न महिला लाई आर्थिक समृदि गरि जिविको पार्जनमा टेवा पुयाउने । | २ वटा आमा समूह | बाख्रा पालनमा जोड दिई जिविको पार्जनमा टेवा पुयाउने |
| ५ | बालमैत्री स्थानिय सासन अभिमुखीकरण | बालमैत्री स्थानिय शासन युक्त नगरपालिका बनाउन सुचक तयार तथा प्रतिबद्धता गर्ने । | जनप्रतिनिधि, कर्मचारी बालक्लवका पदाधिकारी , बुद्दीजिवि नगरिक समाज गरि जम्मा ५९ जना | ५१ वटा सुचकको बारेमा छलफल गरी ति सुचकको आधारमा कार्यक्रम तयार गर्ने प्रतिवद्दता |
| ६ | अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम | महिला क्षमताको विकास गर्ने हक अधिकारको सुनिश्चित गर्नमा सहयोग पयाउने | नगरपालिका भित्रका ११ वटै वडाका आमा समुहका पदअधिकारीहरु लगाएत सम्पूर्ण नगरबासी दिदिबहिनीहरु | नगरबासी महिलाहरुलाई प्रेरणा |
| ७ | बालिका बचत कार्यक्रम | बालिकाको शिक्षा स्वास्थ्यमा पहुँच स्थापित गर्नु बालिकालाई सम्मान र सरक्षण गर्नु । | नगरपालिका भित्रको ११ वटै वडामा जन्म भएको बालिका । | १५६ जना बालिकाहरुको बालिका बचत रकम बैक खातामा जम्मा भएको । |
| ८ | जेष्ठ नागरिक तथा अपाङगता परिचय पत्र विवरण | नगरपालिका भित्र रहेका जेष्ठ नागरिक तथा अपाङगता भएको व्यक्तिहरु लाई परिचय पत्रको पँहुचमा ल्याउनु । | नगरपालिका भित्रका ११ वटै वडाका जेष्ठ नागरिक तथा अपाङगता भएको ब्यक्तिहरु | जेष्ठ नागरिक कार्ड विवरण ५६ अपाङगता कार्ड ३३ |
| ९ | इन्डेक्सन चुलो वितरण | समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | नगरपालिका भित्र रहेका महिला शिक्षक ,पूर्व महिला जनप्रतिनिधी | नगरपालिका भित्र रहेका महिला शिक्षक ,पूर्व महिला जनप्रतिनिधीलाई २०० थान चुलो वितरण। |

# शाखा: महिला तथा बालबालिका शाखा







# शाखा: महिला तथा बालबालिका शाखा











# शाखा: लघु उद्यम बिकास

## नयाँ उद्यमी सिर्जना तर्फः

- 10 दिने अचार बनाउने सम्वन्धी तालिम 21 जना महिला सहभागिहरुलाई हलेसी तुवाचुङ नगरपालिका वडा न.7 हलेसीमा स्पन्ना गरीयो।
- 7 दिने स्थानिय पर्यटक गाईड सम्वनुधी तलिम NATHM र हलेसी तुवाचुङ नगरपालिकाको सहकार्यमा 34 जना स्थानिय सहभागिहरुलाई प्रदान गरियो।
- 17 जना महिला सहभागिहरुलाई 20 दिने कृष्टलको माला,पोते निर्मान सम्वन्धी तालिम हलेसी तुवाचुङ नगरपालिका को वडाँ न.4 मा सम्पन्न गरीयो।
- 30 जना व्यक्तिहरुलाई कुक सम्वन्धी 1 महिने तालिम नगरपालिका र गौरीभक्त होटल म्यानेजम्यन्ट एण्ड टेक्नोलोजीको सहकार्यमा वडा न. 7 महादेवस्थानमा सम्पन्न गरीयो।
- उद्यमशिलता तथा  क्षमता बिकास र लघु उद्यम व्यवसायीक योजना सम्वन्धि तालिम हलेसी तुवाचुद्य नगरपालिका वडा न. 7 मा 35 जना सहभागिहरुमा सम्पन्न गरीयो।

## स्तरोन्नति तर्फः

- तिन महिने ढाक बुनाई सम्वन्धी तालिम हलेसी तुवाचुङ नगरपालिका वडा न. 7 को ऐसेलुखर्क मा 8 जना सहभागी हरुलाई तालिम दिइयो।

# शाखा: लघु उद्यम बिकास



अचार तालिम तस्बिर



पर्यटक गाईड सम्वन्धी तलिम



कृष्टलको माला,पोते निर्मान सम्वन्धी तालिम तस्बिर



उद्यमशिलता तथा  क्षमता बिकास तालिमका तस्बिर



ढाँक बुनाई सम्वन्धी तालिमका तस्बिर